बैठक सख्या : ६५
बैठक मिति : २०७८/०७/२९

**प्रस्तावहरु:**

१ योजना सञ्चालनका लागि सम्झौता अवधि सम्वन्धमा,
२ दरवन्दी मिलानका लागि स्थायी शिक्षकलाइ प्रोत्साहन रकम दिइ अवकाश लिन अनुरोध सम्वन्धमा,
३ विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धमा,
४ शौचालय निर्माण सम्बन्धमा,
५ लिफ्टिङ्ग खानेपानी योजना सम्बन्धमा,
६ नगरपालिका र UNDP को साझेदारीमा सञ्चालित योजनाको लागि छनौट भएका कृषकहरुको नामावली अनुमोदन सम्बन्धमा,
७ उज्यालो शहर कार्यक्रम अन्तरगत सडक बत्ति जडान सम्बन्धमा,
८ स्थानीय विकास कोषबाट सञ्चालन हुने योजनाको अनुमोदन सम्बन्धमा,
९ विविध ।

**निर्णय नं : १**

यस नगरपालिकाको नवौं नगरसभावाट चालु आर्थिक वर्ष २०७८/७९ का लागि स्वीकृत भएका योजनाहरु सञ्चालनको लागि २०७८ कार्तिक १५ गते भित्र योजना सम्झौता गरिसक्न कार्यालयवाट निर्देशन भएकोमा कोभिड १९ को प्रभाव तथा चाडवाड समेतको कारणले सम्झौता हुन नसकेको पाइएकोले उक्त समयावधि वढाइ मंसीर मसान्तसम्ममा योजना सम्झौता गरी सक्ने र विविध कारणबाट योजना सञ्चालन हुन नसकि संशोधन गर्नुपर्ने भएमा संशोधनको लागि पौष १० गतेभित्र संशोधन गरी सम्झौता गरी सक्ने र सो अवधिसम्म पनि संशोधन र सम्झौता नभएमा त्यस्ता योजनाको रकम नगरभित्रका अन्य माग भइ आएका योजनाहरुमा विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

नगरपालिका भित्रका सामुदायिक विद्यालयका प्राथमिक तहमा हाल स्वीकृत दरवन्दी भन्दा बढी शिक्षक कार्यरत रहेकोले दरवन्दी भन्दा बढी भएका शिक्षकहरुलाइ नेपाल सरकारको निर्णय तथा कार्यविधि अनुसार अन्य जिल्लामा पठाउनु पर्ने वा पालिका क्षेत्रमा नै व्यवस्थापन गर्नुपर्ने भएको छ । नगरपालिका क्षेत्रमा विगत लामो समयदेखी अध्यापन गरिरहेका शिक्षकहरुलाई अन्य जिल्लामा पठाउनु भन्दा पालिका भित्रनै व्यवस्थापन गर्नु उपयुक्त हुने देखि निवृतिभरणको लागि योग्य भई सकेका स्थायी शिक्षकहरुलाई निजले स्वैच्छिक अवकाश लिन चाहेमा निज कार्यरत तहको शुरु तलबस्केलको ४ महनिा बराबरको रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने गरी नगर प्रमुखबाट मिति २०७८/७/२५ मा गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

नगरपालिका भित्रका सामुदायिक विद्यालयमा नगरपालिका शिक्षा ऐन तथा नियमावली अनुसार गठन भएका विद्यालय व्यवस्थापन समितिहरु मध्ये केही विद्यालय व्यवस्थापन समितिहरुको नियमानुसार तोकिएको अवधि समाप्त भएकाले त्यस्ता विद्यालयमा व्यवस्थापन समिति यथाशिघ्र पूनर्गठन गर्ने र वाँकी विद्यालयमा व्यवस्थापन समितिको क्रमश म्याद सकिएपछि पूनर्गठन गर्न विद्यालयहरुलाइ निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

आर्थिक वर्ष २०७८/७९ को कार्यक्रममा शौचालय निर्माण कार्यक्रमको लागि बजेट बिनियोजन भएकोमा यस वर्षको सो कार्यक्रमको बजेटले विपन्न परिवारको शौचालय निर्माण गर्न माग संकलन गरी निर्माण प्रक्रिया अगाडि बढाउने भनी मिति २०७८/५/३१ को कार्यपालिकाको बैठकबाट निर्णय समेत गरेकोमा विपन्न परिवार निजी शौचाचलय निर्माणको लागि अत्यधिक माग आएकोले सबै माग संबोधन गर्न यस वर्षको बजेटले अपुग हुने र केहीस्थानमा सार्वजनिक शौचालय निर्माण गर्न अत्यावश्यक भई यसै वर्ष निर्माण गर्नु पर्ने भएकोले गत वर्ष विपन्न परिवारको शौचालय निर्माणको लागि बजेट माग भई पेश भएका निवेदनको लागि लाग्ने रकम कटाइ बाँकी रकमबाट अत्यावश्यक स्थानमा सार्वजनिक शौचालय निर्माण गरी बचत भएको रकमबाट के कती विपन्न परिवारको शौचालय निर्माण गर्न सकिन्छ सम्बन्धित वडासंग समन्वय गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ५**
यस नगरपालिका वडा नं १० र १२ को लिफ्टिङ्ग खानेपानी योजनाको उपमेयर श्री महेश पुरीज्युको नेतृत्वमा प्राविधिक सहितको टोलीवाट अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा आवश्यक मर्मत सम्भार गर्न लाग्ने रकम मर्मत सम्भारकोषवाट व्यहोरी मर्मत गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ६**
नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको संयुक्त लगानी तथा सुर्योदय क्लबको व्यवस्थापनमा सञ्चालित कोभिड १९ आर्थिक तथा समाजिक रुपान्तरण पहल कार्यक्रम तर्फ नविन सोचमा छनौट भएका ४ जना व्यवसायी, व्यवसायिक तरकारी खेती अन्तर्गत छनौट भएका २५ जना कृषक, कुटानी पिसानीको मेशिनको लागि छनौट भएका ५ जना व्यावसायी तथा गड्यौला मलप्लान्ट तथा बजारीकरणका लागि छनौट भएका ४ जना कृषकहरुको नाम साथै फलफुल तथा मूल्य श्रृङ्खला तथा बजारीकरण कार्यक्रम अन्तर्गत कृषक सिकाइ केन्द्रको लागि छनौट भएका २ जना कृषकहरुको नाम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**
उज्यालो शहर कार्यक्रम अन्तरगतको नगरपालिका क्षेत्रभित्र सडक बत्ति जडान गर्ने कार्य भई रहेकोमा विभिन्न वडाका विभिन्न स्थानमा सडक बत्ति जडानको लागि थप माग आईरहेकोले थप माग आएका स्थानमा सडक बत्ति जडान गर्न विद्युत प्राधिकरणको मापदण्ड अनुसार मिल्ने नमिल्ने सम्बन्धमा विद्युत प्राधिकरणसंग समन्वय गरी विद्युत प्राधिकरणको मापदण्ड अनुसार मिल्ने स्थानमा जडानको व्यवस्था मिलाउने र सोको लागि लाग्ने रकमको व्यवस्था सम्बन्धित वडाबाट योजना संशोधन हुने भएमा सो कार्यलाई प्राथमिकतामा राखी व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ८**
नगरपालिकाको स्थानीय विकास बिशेष कोष सञ्चालन कार्यविधि २०७८ को दफा ६ को उपदफा (१) बमोजिम नगर प्रमखज्यू मिति २०७८/६/२२ मा भएको आदेश बमोजिम सञ्चालन भएको देविस्थान भित्री सडक निर्माणको लागि बिनियोजन भएको रकम रु.२,००,०००।- अंनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ :**
यस नगरपालिकाले विपन्न व्यक्तिलाई औषधी उपचार गर्नको लागि रकम उपलब्ध गराउदै आएकोमा यस कार्यालयमा प्राप्त निवेदन मध्ये तपसिल बमोजिमका व्यक्तिहरुलाई रकम उपलब्ध गराउन नगर प्रमुख ज्यूको अध्यक्षतामा गठित समितिले शिफारिस गरेकोले निम्नानुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं | राहत पाउने व्यक्तिको नाम,थर | ठेगाना | रोगको विवरण | रकम रु |
|---|---|---|---|---|
| १ | श्री बिष्णु कुमारी सुनार | पुतलीवजार ३ | पेट तथा कलेजोको रोगी | १०,०००।- |
| २ | श्री कुमारी राना | पुतलीवजार ४ | क्यान्सर पिडित | १०,०००।- |
| ३ | श्री बेल कुमारी सुनाम | पुतलीवजार ४ | पाठेघर अपरेसन | ७,०००।- |
| ४ | श्री ओम बहादुर दर्जी | पुतलीवजार १४ | पेटको समस्या | ७,०००।- |
| ५ | श्री बिर बहादुर नेपाली | पुतलीवजार १ | क्यान्सर पिडित | ८,०००।- |
| | जम्मा रकम रु | | | ४२,०००।- |